**Sudurpashim Spectrum**
A Multidisciplinary, Peer Reviewed Journal
ISSN : 3021-9701 (Print)
DOI:
Pubished by Faculty of Humanities and Social Sciences,
Far Western University, Mahendranagar, Nepal

# रामगीतामा आत्मचिन्तन

***देवराज भट्टराई****

## लेखसार

भानुभक्त आचार्यको *रामगीता* दार्शनिक काव्य हो । यसमा पूर्वीय दर्शनका प्राय: सबै दर्शनको सार देखिए पनि वेदान्तदर्शनको आत्मचिन्तनका दृष्टिले यो काव्य महत्त्वपूर्ण रहेको छ । आत्मचिन्तनका दृष्टिले यस काव्यको अहिलेसम्म गहन अध्ययन नभएकाले त्यही रिक्तताको परिपूर्तिका लागि यो अध्ययन गरिएको छ । यस अध्ययनमा पुस्तकालयबाट सामग्री सङ्कलन गरी वेदान्तदर्शनको आत्मचिन्तनको सैद्धान्तिक मान्यताका आधारमा गुणात्मक ढाँचा प्रयोग गरी *रामगीता*को पाठपरक विश्लेषण गरिएको छ । यसमा अजर, अमर, अनिर्वचनीय, स्वप्रकाश्य र चेतनतत्त्व आत्मालाई जीवात्मा, परमात्मा र ब्रह्मको सापेक्षतामा विस्तृत व्याख्या र विवेचना गरिएको छ । आत्मा यस्तो तत्त्व हो जसलाई मापन गर्न, सीमाङ्कन गर्न तथा परिभाषा गर्न सकिँदैन । यो अविनाशी र सर्वव्यापक हुनुका साथै मन, बुद्धि र इन्द्रियभन्दा पर रहेको हुन्छ । आत्मा ब्रह्मको एक अंशको रूपमा जीवात्मा भएर विभिन्न उपाधिमा देखिन्छ । यसरी आत्मा शरीर, इन्द्रिय र मनरूपको आवरणले छोपिंदा जीवको रूप लिन्छ । आत्मा जीवको रूपमा देखिँदा सांसारिक बन्धनका कारण सुखदु:खको अनुभव गर्छ तर यो अज्ञानीको भ्रम मात्र हो र आत्मा सुखदु:खभन्दा माथि हुन्छ । आत्मा ब्रह्मस्वरूप हुन्छ र यसले पूर्णानन्द वा सच्चिदानन्दस्वरूपका लागि सांसारिक बन्धनबाट मुक्त हुनुपर्ने कुरा यस काव्यमा प्रस्तुत भएको छ । यसरी विश्लेषण गर्दा *रामगीता* काव्य आत्मचिन्तनका दृष्टिले उच्चकोटिको छ भन्ने यस अध्ययनको निष्कर्ष रहेको छ ।

***मुख्यशब्दावली:*** मोक्षचिन्तन, ब्रह्मचिन्तन, परमात्मा, जीवन र जगत्, जीवात्मा

* ***देवराज भट्टराई,*** *(उपप्राध्यापक, जयपृथ्वी बहुमुखी क्याम्पस,* बझाङ)
*Email: devrajbhattarai24@gmail.com*

## विषय परिचय

आदिकवि भानुभक्त आचार्य (१८७१-१९२५) नेपाली कविता क्षेत्रका प्राथमिककालका केन्द्रीय प्रतिभा हुन्। वि.सं. १८७१ असार २९ गते तनहुँ जिल्लाको रम्घा गाउँमा जन्मिएका भानुभक्त आचार्य पिता धनञ्जय आचार्यका एक मात्र पुत्र भएकाले आमाबाबुबाट र बाजे श्रीकृष्ण आचार्यबाट उनले वात्सल्यपूर्ण स्नेह पाएको देखिन्छ (भट्टराई,२०४०,पृ.२)। उनले पाँच वर्षको उमेरमा अक्षरारम्भ गरी संस्कृत भाषाको गहिरो अध्ययन गरेको पाइन्छ। त्यस बेला संस्कृतको अध्ययन र संस्कृतमा कविता लेख्नु प्रतिष्ठाको विषय मानिन्थ्यो भने नेपाली भाषाको अध्ययन र नेपालीमा कविता लेख्नु सामान्यका साथै अझ तुच्छ मानिन्थ्यो। यस्तो समयमा पनि भानुभक्तले राष्ट्रभाषाको दाँजोमा अन्य भाषा त्यति प्रभावकारी बन्न सक्दैन भन्ने कुरा सोचेर नेपाली भाषामा केही गर्ने विचार लिएर नेपाली कवितालेखनप्रति आकर्षित भएको देखिन्छ। वि. सं. १८९१ मा बिस वर्षका भानुभक्त घुम्दै एक चौतारामा आराम गरिरहेका बेला घाँसीसँग भेट हुन्छ र घाँसीले गरेको गाउँमा कुवा बनाउने सङ्कल्पबाट प्रभावित भई उनले साहित्य साधनामा लाग्ने अठोट गरेको पाइन्छ (भट्टराई,२०४०,पृ.२)। यसका लागि उनले नेपाली भाषालाई नै आधार बनाएर कवितालेखन कार्यको थालनी गरी वाल्मीकि अध्यात्म रामायणको नेपालीमा पद्यानुवाद गर्न थालेको देखिन्छ। यसरी उनले वि. सं. १८९८ मा वाल्मीकि रामायणको बालकाण्डको पद्यानुवाद गरेको र वि. सं. १९१० सम्म उनले सम्पूर्ण रामायणको पद्यानुवाद गरिसकेको पाइन्छ। त्यसपछि मोतीराम भट्टले उनका पाण्डुलिपि एकत्रित गरी वि. सं. १९४८ मा सम्पूर्ण रामायण प्रकाशित गरेको देखिन्छ। भानुभक्तका अन्य कृतिहरूमा प्रश्नोत्तर (१९१०), भक्तमाला (१९१०), वधूशिक्षा (१९१९), फुटकर कविताहरू (१८८९ देखि १९२५ सम्म), रामगीता (१९२५) आदि मुख्य रहेका छन्। यी कृतिहरूमध्ये रामायण प्रमुख कृति मानिन्छ। त्यतिबेला रामायण जस्तो महान् ग्रन्थ सर्वसाधारण नेपालीले आफ्नै भाषामा वाचन गर्न वा सुन्न पाउँदा अत्यन्त खुसी भएको र रामायणमा भएको भगवान् रामको चरित्रगाथा त्यस बेला घरघरमा सुन्न र सुनाउन थालिएको पाइन्छ। यसबाट नेपाली भाषाको प्रचारप्रसार हुन गएको देखिन्छ। यसरी रामभक्ति धारामा कलम चलाएर तत्कालीन समयमा भगवान् रामको चरित्र गाथामा आधारित रामायण जस्तो महाकाव्यको नेपालीमा अनुवाद गरेर आदिकविको उपाधि पाउन सफल आचार्य नेपाली भाषाका एकीकरणकर्ता पनि हुन्। उनले नेपाली भाषालाई हेर्ने दृष्टिकोण परिवर्तन गरेकाले त्यतिबेला नेपाली भाषा जनजिब्रोको भाषा बनेको देखिन्छ। उनका काव्यकृतिहरूले नेपाली जनमानसलाई नेपाली भाषा र साहित्यप्रति आस्था जगाउनुका साथै दार्शनिक चिन्तनतर्फ लाग्न पनि प्रेरित गरेका छन्।

नेपाली साहित्यमा भानुभक्तको *रामगीता* लोकप्रिय काव्य मानिन्छ । यो उनको दार्शनिक काव्य हो र यसमा पूर्वीय दर्शनहरूको निचोड पाइन्छ । आदिकवि भानुभक्त आचार्यको रामायण महाकाव्यको उत्तरकाण्डमा *रामगीता* समावेश गरिएको छ । *रामगीता* रामायणको कथावस्तुसँग सम्बन्धित रहेको छ । रानी कैकेयीको षड्यन्त्र र राजा दशरथको आदेशानुसार राम वनवास जान तयार भएको बेला उनका भाइ लक्ष्मण र उनकी पत्नी सीता पनि उनीसँगै वनवास गएको र पञ्चवटीमा कुटी बनाई बस्न थालेको कुरा यसमा उल्लेख गरिएको छ । यसैगरी एकदिन रावणले छल गरेर सीतालाई हरण गरी लङ्कामा पुऱ्याएको र त्यसपछि राम र रावणको युद्ध भएर रामले रावणलाई पराजित गरी सीतालाई ल्याएर अयोध्या फर्केको प्रसङ्ग रामायणमा समेटिएको छ । यतिबेलासम्म वनवासको अवधि पनि पूरा भइसकेको हुन्छ । धोबी र धोबिनीको झगडामा धोबीले धोबिनीलाई गाली गर्दा सीतालाई आक्षेप लगाएकाले लोकोपवादबाट बच्न रामद्वारा सीताको गृहत्यागको निर्णय भाइ लक्ष्मणलाई सुनाइन्छ । मातासमान भाउजूको गृहत्यागको निर्णय लक्ष्मणलाई पटक्कै मन पर्दैन र उनी साह्रै चिन्तामा परेको देखिन्छ । सीताको गृहत्यागको निर्णयबाट विरक्तिएका भाइ लक्ष्मणलाई भगवान् रामले तत्त्वज्ञान दिने प्रसङ्गमा *रामगीता*को रचना हुन पुगेको हो ।

*रामगीता* साङ्ख्य, योग तथा वेदान्तदर्शनको सार हो र यसमा पूर्वीय दर्शनका जीवन र जगत्सम्बन्धी रहस्यहरू उद्घाटन गरिएका छन् । *रामगीता*को मुख्य प्रतिपाद्य विषय आत्मचिन्तन रहेको छ । यस काव्यमा जीव, आत्मा तथा परमात्मासम्बन्धी धारणाहरू प्रस्तुत गरिएका छन् । यसमा आत्माको ज्ञानका लागि दश इन्द्रिय र मन जित्नुपर्ने कुरा उल्लेख गर्दै मान्छेले जस्तो कर्म गर्छ उस्तै फल पाउँछ भन्ने कुरा देखाइएको छ । यसैगरी मुक्ति पाउन विद्या आर्जन गर्नुपर्ने, पञ्चमहाभूतबाट बनेको शरीर नाशवान् हुने, आत्मा नित्य हुने, समाधिमा पुग्दा हरिको दर्शन पाइने आदि विषयहरू *रामगीता*मा समावेश गरिएका छन् । यसलाई साङ्ख्यदर्शनअनुसार प्रकृति विकृति चिन्तन, प्रकृति पुरुषचिन्तन आदि शीर्षकका आधारमा अध्ययन गर्न सकिन्छ भने वेदान्तदर्शनका आधारमा ब्रह्मचिन्तन, आत्मचिन्तन, जीवचिन्तन, मोक्षचिन्तन आदि शीर्षकका आधारमा अध्ययन गर्न सकिन्छ । यस अध्ययनमा वेदान्तदर्शनको प्रतिपाद्य विषय आत्मचिन्तनलाई मूल आधार बनाई *रामगीता* काव्यको विश्लेषण गरिएको छ । यस अघि *रामगीता*को आत्मचिन्तन शीर्षकमा अध्ययन गरिएको पाइदैन । त्यसैले यस काव्यमा भएको आत्मचिन्तनको विश्लेषणात्मक अध्ययन गरी पाठकका सामु ल्याउनु यस अध्ययनको मुख्य उद्देश्य रहेको छ । यसरी *रामगीता*को हालसम्म आत्मचिन्तनपरक अध्ययन नभएकाले यो अध्ययनले शिक्षक, विद्यार्थी तथा दर्शनमा चासो राख्ने जो कोहीलाई पनि सहयोग पुऱ्याउने हुँदा यो अध्ययन औचित्यपूर्ण रहेको छ ।

## समस्याकथन

*रामगीता* हिन्दुहरूको एक पवित्र धर्मग्रन्थ हुनुका साथै जीवन र जगत्सम्बन्धी विस्तृत रूपमा व्याख्या गरिएको एक दार्शनिक काव्य पनि हो। यसमा जीवन र जगत्का विविध पक्षलाई सविस्तार व्याख्या गरिएको छ। यस काव्यमा ज्ञानको महत्त्व प्रस्तुत गरिनुका साथै आत्मा, जीवात्मा तथा परमात्मासम्बन्धी गहिरो जीवनदृष्टि प्रस्तुत गरिएको छ। यसरी जीवन र जगत्का महत्त्वपूर्ण पक्ष समेटिएको यस काव्यमा प्रस्तुत गरिएको आत्मा तत्त्वको आधारमा गहन अध्ययन र विश्लेषण हुन नसक्नु यसको प्रमुख समस्या हो। यसै समस्याको समाधानमा यो अध्ययन केन्द्रित रहेको छ। यसका लागि निम्न लिखित शोधप्रश्न बनाई समाधानका उपायको खोजी गरिएको छः

क) जीवन र जगत्का सापेक्षतामा आत्मा के हो ?
ख) *रामगीतामा* आत्मचिन्तन कसरी प्रस्तुत गरिएको छ ?
**ग)** *रामगीता* किन लोकप्रिय छ ?

## अध्ययनको उद्देश्य

यस अध्ययनको प्रमुख उद्देश्य *रामगीता* काव्यमा भएको आत्मचिन्तनको विश्लेषण गर्नु हो। *रामगीता* काव्य दर्शन प्रयोगका दृष्टिले महत्त्वपूर्ण रहेको छ। यसमा विभिन्न दर्शनहरूको प्रयोग गरिएको पाइन्छ। यो अध्ययन वेदान्तदर्शनको प्रतिपाद्य विषय आत्मचिन्तनका दृष्टिले *रामगीता* काव्यको विश्लेषणमा केन्द्रित छ। यस अध्ययनको उद्देश्य बुँदागत रूपमा निम्नानुसार रहेको छः

क) आत्मातत्त्वको परिचय दिनु,
ख) *रामगीतामा* प्रयोग भएको आत्मचिन्तनको विश्लेषण गर्नु,
ग) जीवनशैलीको एक पाटोको रूपमा *रामगीताको* पहिचान गर्नु।

## अध्ययन विधि

*रामगीतामा आत्मचिन्तन* नामक अध्ययनका लागि पुस्तकालयबाट सामग्री सङ्कलन गरिएको छ। प्राथमिक सामग्रीका रूपमा आदिकवि भानुभक्त आचार्यको *रामगीता* काव्य प्रयोग गरिएको छ भने द्वितीयक सामग्रीका रूपमा *रामगीता*सँग सम्बन्धित लेख तथा समालोचना उपयोग गरिएको छ। महर्षि वादरायणद्वारा प्रतिपादन गरिएको वेदान्तदर्शनको आत्मचिन्तनको सैद्धान्तिक मान्यताको चर्चा गरी *रामगीता*मा भएका

आत्मचिन्तनसँग सम्बन्धित श्लोकहरूको पाठपरक व्याख्या विधिबाट गुणात्मक ढाँचाको प्रयोग गरी *रामगीता* काव्यको विश्लेषण गरिएको छ ।

**सैद्धान्तिक पर्याधार**

पूर्वीय परम्परामा प्रचलित दर्शनहरूमध्ये वेदान्तदर्शन महत्त्वपूर्ण दर्शन मानिन्छ । यस दर्शनको आदिस्रोत वेद रहेको छ । वेदका एक लाख मन्त्रमध्ये असी हजार कर्मकाण्ड, सोह्र हजार उपासना र चार हजार मन्त्रहरू ज्ञानकाण्डसँग सम्बन्धित रहेका छन् । यिनै चार हजार मन्त्रहरूको दार्शनिक व्याख्याबाट नै उपनिषद् बनेका हुन् । वेदको अन्तिम भाग ज्ञानकाण्डको व्याख्या नै वेदान्तदर्शन हो र यो दर्शन उपनिषद्हरूसँग सम्बन्धित रहेको छ । वेदान्तदर्शन सबै दर्शनभन्दा व्यापक र गहिरो रहेको छ । यस दर्शनका बारेमा पूर्वीय परम्परामा विस्तृत व्याख्या र विवेचना भएको पाइन्छ र यस दर्शनको अध्ययन गर्ने क्रममा धेरै भाष्यहरू रचना भएका छन् । वेदका संहिता, ब्राह्मण, आरण्यक र उपनिषद्जस्ता भागहरू वेदान्तदर्शनका मूलस्रोत मानिन्छन् । वेदान्तदर्शनका प्रतिपाद्य विषयहरू मुख्य छवटा र अन्य पाँचवटा गरी एघारवटा रहेका छन् । ब्रह्म, जीव, माया, ईश्वर, जगत् र मोक्ष वेदान्तदर्शनका मुख्य विषय मानिन्छन् भने बन्धन, प्रमाण, धर्म, पुनर्जन्म, आत्मा अन्य विषय मानिन्छन् । वेदान्तदर्शनको महत्त्वपूर्ण विषय ब्रह्मचिन्तन मानिन्छ । ब्रह्म यस्तो तत्त्व हो जसलाई मापन गर्न, सीमाङ्कन गर्न तथा परिभाषा गर्न सम्भव हुँदैन । ब्रह्म नै विश्वब्रह्माण्डको अनिर्वचनीय रूप हो र यो सबै वस्तुको परम कारणको रूपमा रहेको छ । संसारका सबै वस्तु वा शक्तिको स्रोत वा आधार पनि ब्रह्म नै हो (शर्मा, २०७५, पृ. ७) । वास्तवमा सच्चिदानन्दस्वरूप नै ब्रह्म हो र यसैबाट सृष्टिको उत्पत्ति, स्थिति र प्रलय भएको पाइन्छ । यसैगरी ब्रह्म वा आत्मा जब कुनै शरीर, इन्द्रिय र मनरूप आवरणको घेराभित्र प्रवेश गर्छ तब त्यसलाई जीव भनिन्छ । जीव भनेको ब्रह्म उपाधिभित्र प्रवेश गरेको अवस्था हो । वेदान्तदर्शनको अर्को विषय माया हो । माया भनेको अज्ञान वा भ्रम हो र यसले लौकिक संसार मात्र सत्य भएको ठान्छ । यसैगरी मायाद्वारा प्रभावित ब्रह्मलाई ईश्वर भनिन्छ भने ब्रह्म र मायाको मिलनपछिको आभास जगत् हो र यो जगत् मिथ्याको रूपमा रहेको छ भन्ने कुरा यस दर्शनमा पाइन्छ । यसरी नै ब्रह्म र जीवको एकाकार हुनु नै मोक्ष हो भनी यस दर्शनले व्याख्या गरेको छ । यसैगरी ब्रह्मको यथार्थ ज्ञान नभई सांसारिक मायामा फस्नु बन्धन हो र त्यो बन्धन दु:खको मूल कारण हो भन्ने कुरा वेदान्तदर्शनमा पाइन्छ । वेदान्तदर्शनमा प्रत्यक्ष, अनुमान र श्रुतिलाई प्रमाण मानिन्छ भने वेदविहित कर्मलाई धर्म मानिन्छ । यस दर्शनले जीवको पुनर्जन्ममा विश्वास गरेको पाइन्छ । यसैगरी वेदान्तदर्शनमा आत्मालाई ज्ञाता मानिएको छ र यो चैतन्यमय हुन्छ

भनिएको छ। यस दर्शनमा आत्माको परम रूप परमात्मा हो र त्यहीँ परमात्मा नै ब्रह्म हो भनी व्याख्या गरिएको छ।

आत्मा परमात्माको एक रूप हो। यसलाई ऋग्वेदको प्रथम मण्डलमा 'आकाश मार्गबाट सूर्यतर्फ जाँदै गरेको आत्मालाई हामी जान्दछौँ' भनिएको छ (भुसाल,२०७७,पृ.१३५)। यसैगरी वैदिक साहित्य तथा ब्राह्मण साहित्यमा आत्मा र ब्रह्म पृथक् तात्पर्यमा प्रयोग गरिए पनि उपनिषद्मा भने यी दुवै पर्यायका रूपमा प्रयोग भएका छन्। यसैगरी विशिष्टाद्वैतका प्रवर्तक आचार्य रामानुजले आत्मा(जीव) र ब्रह्ममा अंश र अंशीको सम्बन्ध देखाउदै विराट् ब्रह्मको अंशका रूपमा आत्माको अस्तित्व स्वीकार गरेका छन् (गड्तौला,२०७९,पृ.१००)। यी दुवैलाई एउटै सत्ताका दुई फूलका रूपमा चित्रित गरिएको छ (शर्मा, २०७५, पृ.१४)। यसैगरी ब्रह्म र आत्मा, साक्षी र जीव, जीवात्मा र परमात्माका बारेमा केही भेद प्रतिपादन भए तापनि निष्कर्षमा यिनीहरूमा अद्वैतता सिद्ध गरिएको छ। त्यसैगरी आत्माको परिचय दिदै गीतामा भनिएको छ:

नैनं छिन्दति शस्त्राणि नैनं दहति पावक:।
न चैनं क्लेदयन्त्यापो न शोषयति मारुत: ॥२३॥ (पृ. १६)

अर्थात्, आत्मालाई हतियारद्वारा टुक्रा पार्न सकिँदैन; आगोद्वारा जलाउन सकिँदैन; पानीद्वारा भिजाउन सकिँदैन र हावाद्वारा सुकाउन सकिँदैन। यति मात्र नभई आत्मा शुद्ध चैतन्यस्वरूप छ र त्यो समस्त ज्ञान तथा अनुभवको अधिष्ठान हो। आत्मा स्वत: सिद्ध तथा स्वप्रकाश्य रहेको छ। शुद्ध आत्मा चैतन्य अविद्याका कारण शरीर, इन्द्रिय र अन्त:करणबाट परिच्छिन्न भएर जीवका रूपमा देखिन्छ। तसर्थ निर्विकार, प्रकाशित, चैतन्यमय, अनिर्वचनीय, अमापनीय तत्त्वको रूपमा आत्मा रहेको छ। आत्माको यहीँ सैद्धान्तिक अवधारणाका आधारमा *रामगीता*मा आत्मचिन्तनको अध्ययन गरिएको छ।

## नतिजा र छलफल

*रामगीता*मा आत्मालाई एउटा रहस्यको रूपमा प्रस्तुत गरिएको छ। आत्मा अविनाशी, स्थायी तथा अपरिवर्तनशील रहेको हुन्छ। यो अभौतिक वस्तु हो र यसले प्रवेश गर्ने शरीर भौतिक वस्तु हो। भौतिक शरीर सधैँ नाशवान् हुन्छ। आत्माको न कहिल्यै जन्म हुन्छ न कहिल्यै मृत्यु नै हुन्छ। यो न कहिल्यै जन्मेको थियो, न अहिले जन्मन सक्छ र न भोलि जन्मिएको हुने छ। यो अजन्मा, नित्य र शाश्वत रहेको छ र शरीर मरे पनि यो कहिल्यै मर्दैन। त्यसैले आत्मालाई मार्न सक्छु भन्ने र आत्मा मर्छ भनी ठान्ने मान्छे अज्ञानी हो भन्ने कुरा *रामगीता*मा देखाइएको छ। यसैगरी आत्मा चिन्नका लागि गुरु समीपमा जानुपर्छ र गुरुका आप्त वचनबाट

वेदको ज्ञान भइसकेपछि व्यक्तिले आत्मा, परमात्माका साथै जीवन र जगत्‌को ज्ञान प्राप्त गर्दछ तथा आत्माको ज्ञान हुँदा त्यसले मोक्ष प्राप्त गर्दछ भन्ने कुरा यस काव्यमा प्रस्तुत गरिएको छ । तसर्थ गुरुबाट आत्माको ज्ञान पाएर अज्ञान नष्ट गर्नुपर्छ भन्ने कुरा उल्लेख गर्दै गुरुबाट प्राप्त हुने ज्ञानको महत्त्वलाई *रामगीता*मा यसरी प्रस्तुत गरिएको छ :

यै आत्माकन चिह्नुपर्छ गुरुका वेद्का वचनले गरी ।
आत्मालाई चिह्न्यो भन्या बुझिलिनु त्यो मुक्त भो तेस् घरि ।।
तस्मात् आत्मविचार गर्नु जनले यस् रूपको हूँ भनी ।
आज्ञान् नष्ट गराउनाकन अरू छैनन् उपाय पनि ।। (पृ. ३१७) ।

माथिको श्लोकमा गुरुका वेदसरहका वचनले आत्मालाई चिन्नुपर्ने कुरा देखाइएको छ । अज्ञान हटाई ज्ञानतिरको मार्ग लिन तथा अन्धकार पन्छाई उज्यालोको खोजी गर्न गुरु समीपमा जानुपर्छ र गुरुले आत्मासम्बन्धी ज्ञान दिई आत्मालाई चिनाउनुहुन्छ भन्ने कुरा यस श्लोकमा उल्लेख गरिएको छ । यसैगरी यस श्लोकमा शिष्यले गुरुबाट आत्माको ज्ञान पाएपछि सांसारिक बन्धनबाट ऊ मुक्त हुन्छ भन्ने कुरा देखाइएको छ । यसरी नै यस श्लोकमा जीव, आत्मा, परमात्मा, जीवन, जगत् आदि कुराको ज्ञान हुँदा मान्छेले मोक्ष प्राप्त गर्दछ भन्ने कुरा उल्लेख गरिएको छ । यसैगरी कविले म को हुँ ? कहाँ छुँ ? किन छुँ ? के गर्दै छुँ ? आदि प्रश्नको उत्तर खोजेर आत्मविचार गरी अघि बढ्नुपर्छ भन्ने कुरा देखाउँदै अज्ञान नष्ट गराउने एक मात्र उपाय गुरु नजिक गई आत्मासम्बन्धी ज्ञान लिनुपर्ने कुरा यस श्लोकमा उल्लेख गरेका छन् । तसर्थ मानवले देह, आत्मा तथा परमात्मालाई चिन्नुपर्ने र यसका लागि गुरु समीपमा गई वेदको ज्ञान लिनुपर्ने कुरा यसमा बताइएको छ । यस श्लोकमा चैतन्यस्वरूप आत्मा देह, मन, बुद्धि र इन्द्रियभन्दा पर हुन्छ र यो अविनाशी, सर्वव्यापी, प्रकाश्यमान् तथा ज्ञानको ज्योतिको रूपमा रहन्छ भनी व्याख्या गरिएको छ । गुरुबाट आत्माको ज्ञान पाउँदा व्यक्तिले आफैलाई चिनेर सारा लौकिक संसारका दु:ख, पीडा, कष्ट, अज्ञान तथा बन्धनबाट मुक्त भई मोक्ष प्राप्त गर्दछ भन्ने कुरा प्रस्तुत गर्दै अज्ञान नष्ट गर्ने एउटै मात्र उपाय गुरु समीपमा गई आत्मासम्बन्धी ज्ञान लिनुपर्ने कुरा माथिको श्लोकमा पाइन्छ ।

आत्मालाई चिन्नको लागि गहिरो ज्ञानको आवश्यकता पर्दछ । सतही ज्ञानले आत्माको रहस्य बुझ्न सकिँदैन । भौतिक शरीर नाशवान् भए पनि आत्मा सधैँ अविचलित तथा नित्य रहेको छ । आत्मालाई व्यक्त गर्न, कल्पना गर्न तथा परिवर्तन गर्न सकिँदैन । जब आत्मा शरीर, इन्द्रिय र मनरूप आवरणले ढाकिन्छ तब

त्यसलाई जीव भनिन्छ । आत्माले शरीरको धारण गरेपछि शरीर बुढो हुँदै मर्छ तर आत्मा मरेको हुँदैन । लोकमानसले आत्मा र देहको भेदलाई छुट्याउन नसक्दा सुख र दु:खको अनुभव गर्न थाल्दछन् तर आत्मालाई सुखदु:खले कुनै असर पारेको हुँदैन । यो कुरा तत्त्वज्ञान बुझेका ज्ञानीहरूलाई मात्र थाहा भएको हुन्छ । अज्ञानीहरू ज्ञानको अभावका कारण डोरीलाई सर्प मानेर तर्सिएझैँ आत्मालाई दु:ख पऱ्यो भनी भ्रममा परेका हुन्छन् तर यथार्थ रूपमा आत्मा सुखदु:खको सीमाभन्दा माथि रहेको हुन्छ भन्ने कुरा *रामगीता* मा यसरी प्रस्तुत गरिएको छ :

आत्मा हो सुख-रूप दु:ख-रूपको संसार् छ उस्मा कहाँ ।
अज्ञानले गरि मात्र सत्य रूपले झल्कन्छ आत्मा महाँ ।।
ज्ञानले लीन् पनि हुन्छ डोरिकन साँप् बुझ्नु छ जस्तो फगत् ।
तेस्तै ईश्वरमा अनेक् तरहका देखिन्छ नाना जगत् ।। (पृ. ३१७) ।

माथिको श्लोकमा अज्ञानका कारण आत्माले सुखदु:ख भोगेको अनुमान गरिन्छ र जीवन जगत्लाई आत्मासँग तुलना गरिन्छ भन्ने कुरा देखाइएको छ । वास्तवमा आत्मा सुखदु:खभन्दा माथि रहेको हुन्छ । यसको न आदि छ न अन्त्य छ । यसलाई हतियारले टुक्रा पार्न, आगोले जलाउन, पानीले भिजाउन र वायुले सोस्न सक्दैन तथा यो सांसारिक बन्धनबाट मुक्त हुन्छ र यसले सुखदु:खको अनुभव गर्दैन तर तत्त्वज्ञान नबुझेकाहरू आत्मा मर्छ र यसले दु:ख पाउँछ भन्ने कुरामा विश्वास गर्छन् भन्ने कुरा यस श्लोकमा प्रस्तुत गरिएको छ । यसैगरी यस श्लोकमा जसरी अज्ञानीहरू डोरीलाई सर्प भनेर तर्सिएका हुन्छन् त्यसरी नै ईश्वरलाई दु:ख पऱ्यो भनी उनीहरू भ्रममा परेका हुन्छन् भन्ने कुरा सङ्केत गरिएको छ । संसार दु:खमय छ र यहाँ विभिन्न प्रकारका आध्यात्मिक, आधिभौतिक तथा आदिदैविक दु:खहरू रहेका छन् । जीव मायाका कारण यिनै दु:खको भुमरीमा रुमल्लिरहेको देखिन्छ । यो जगत् भ्रम मात्र भएको र आत्मा मात्र सत्य रहेको छ भन्ने कुरा उल्लेख गर्दै आत्मा सांसारिक सुखदु:खभन्दा माथि रहेको हुन्छ भन्ने कुरा यस श्लोकमा पाइन्छ ।

वैदिक सनातन धर्म र संस्कृति सम्पन्न रहेको छ । यसमा जीव, आत्मा, परमात्मा, ब्रह्म, ईश्वर, धर्म, कर्म आदिसम्बन्धी विस्तृत व्याख्या विवेचना हुनुका साथै यिनीहरूलाई जनाउन थुप्रै वैदिक प्रतीकहरू प्रयोग गरिएका पाइन्छन् । यी प्रतीकहरू आयाममा सानो भए पनि तिनीहरूले विश्वब्रह्माण्ड ओगटेको हुन्छ । तिनीहरूमध्ये ओंकार ध्वनि पनि एक हो । यस ध्वनिमा विश्वब्रह्माण्ड मात्र अटेको छैन, यसले सारा दु:ख र अज्ञानलाई हटाएर आत्माको मुक्तिको बाटो पनि देखाएको छ । जीवन र जगत्सम्बन्धी यहाँ विभिन्न भ्रमहरू

रहेका छन् । लौकिक संसारमा मात्र नभई अलौकिक संसारका भ्रम वा अज्ञानलाई हटाई आत्मा र परमात्मासम्बन्धी ज्ञानको लागि पनि ओंकार ध्वनि आवश्यक रहेको छ । अन्धकाररूपी अज्ञान हटाई ज्ञानको ज्योति छर्ने ध्वनि ओंकार हो र यो ध्वनि पनि आत्मामा लीन हुन पुगेको हुन्छ । अ, उ र म् यी तीन अक्षर जुटेर बनेको ओंकार ध्वनि आत्मामा लीन भएपछि आत्मा देहबाट मुक्त भई उपाधिरहित हुन पुग्दछ र यतिबेला आत्माको वास्तविक रूप देखिन्छ र त्यो निर्मल, स्वच्छ, कञ्चन तथा दीप्त हुन्छ भन्ने कुरा *रामगीता* मा यसरी प्रस्तुत गरिएको छ :

ओंकार् वाचक हो सबै जगतको अज्ञान् अवस्था महाँ ।
ज्ञानोत्तर् हुन सक्छ वाचक कहाँ लीन् हुन्छ आत्मै महाँ ।।
आत्मामा जब लीन् भया अउम तीन् विश्वादि साक्षी सहित् ।
आत्मै मात्र रहन्छ तेस् बखतमा निर्मल् उपाधी रहित् ।। (पृ. ३१८) ।

माथिको श्लोकमा ओंकार ध्वनिले आत्मालाई परमात्मामा लीन हुन सहयोग पुऱ्याउँछ भन्ने कुरा देखाइएको छ । ओंकार ध्वनि सबैभन्दा पवित्र मन्त्र भएको र यस मन्त्रको नाद विश्वब्रह्माण्डमा निरन्तर घुमिरहेको कुरा उल्लेख गर्दै संसारको उत्पत्ति यहीँ ध्वनिबाट भएको हो भन्ने कुरा यस श्लोकमा प्रस्तुत गरिएको छ । ओंकार ध्वनिको वाचनले शारीरिक, मानसिक तथा बौद्धिक विकासमा सहयोग पुऱ्याएको हुन्छ । यसको जप गर्दा मानवहरू महामानव बनेका देखिन्छन् । यो यस्तो शक्तिशाली मन्त्र हो जसको कारण अरू मन्त्रहरू पनि फलदायी बनेका हुन्छन् । त्यसैले यसलाई अन्य मन्त्रको सुरुमा वाचन गरिन्छ । त्यसका साथै अज्ञानको समयमा ओंकार वाचन गर्दा जीवन र जगत्को रहस्य बुझिन्छ र तत्त्वज्ञान आर्जन भई मोक्ष मिल्दछ भन्ने कुरा यस श्लोकमा देखाइएको छ । यसरी सारा विश्वब्रह्माण्ड समेट्ने ध्वनि ओंकार भएको र यहीँ ध्वनिले नै व्यक्तिभित्रको अज्ञानलाई हटाउने कुरा यसमा उल्लेख गरिएको छ । त्यसैगरी यस श्लोकमा ब्रह्मा, विष्णु र महेश्वरका साथै सरस्वती, लक्ष्मी र पार्वतीलाई सङ्केत गर्ने अ, उ र म ध्वनिबाट बनेको ओंकार ध्वनिको निरन्तर जप गर्दा आत्मा परमात्मामा लीन हुन पुग्दछ भन्ने कुरा प्रस्तुत गरिएको छ । यसरी आत्मा परमात्मामा लीन भएपछि शरीर, इन्द्रिय र मनरूपको आवरणबाट मुक्त भई निर्मल ब्रह्मस्वरूप हुने कुरा यस श्लोकमा प्रस्तुत गरिएको छ ।

अमर, अजर तथा अनिर्वचनीय आत्माले आवश्यकतानुसार देह परिवर्तन गरिरहेको हुन्छ र यो जीवात्मा बनी चौरासी लाख जुनीमा घुमेको हुन्छ । बिस लाख वृक्ष, नौ लाख जलचर, एघार लाख

कीटपतङ्ग, दश लाख पंक्षी, तिस लाख पशु र चार लाख बाँदर गरी चौरासी लाख जुनीहरू पार गरेपछि मात्र आत्मा पुन: पहिलेकै देहमा फर्केको हुन्छ भन्ने कुरा पुराणहरूमा उल्लेख गरिएको छ । आत्मा देहमा प्रवेश गरेपछि त्यो जीवात्माको रूपमा देखिन्छ । जीवात्मा सांसारिक मायाको बन्धनमा परेपछि त्यसले मनमा तृष्णा उब्जाउने र यसका कारण जीवले आनन्द प्राप्त गर्न नसक्ने कुरा *रामगीता*मा व्यक्त गरिएको छ । जीवात्मालाई काम, क्रोध, लोभ, मोह, मद र मात्सर्य जस्ता षड्रिपुहरूले कहिल्यै पनि नछोड्ने र यिनीहरूको कारण जीवले कहिल्यै सुख नपाउने कुरा पनि यसमा उल्लेख गरिएको छ । तसर्थ देहधारी जीवले षड्रिपुका कारण जीवनको आदि, मध्य र अन्त्यसम्ममा पनि पूर्णानन्द प्राप्त गर्न सकेको हुँदैन । आनन्दको खोजीमा भौतारिरहेको जीवको तृष्णा कहिल्यै मेटिँदैन र एकपछि अर्को आवश्यकताहरू थपिँदै गएका हुन्छन् । पूर्णानन्द प्राप्तिका लागि जतिसुकै प्रयास गरे पनि अविद्याका कारण जीवले पूर्णानन्द प्राप्त गर्न सक्दैन र पूर्णानन्दमा पुग्न देह, आत्मा र परमात्माको ज्ञान हुनु जरूरी छ भन्ने कुरा *रामगीता* मा यसरी देखाइएको छ :

आदीमा न त अन्त्यमा न बिचमा यो देहधारी बनी ।
पूर्णानन्द हुँदैन जान्नु सबले यो सत्य बात् हो भनी ।।
तस्मात् यो विधि छोडि गर्नु जनले आत्मै विचार् खुप् गरी ।
त्यो मैमा मिलिजान्छ जल जलधिमा पौँचेर मील्या सरी ।। (पृ. ३१८)

माथिको श्लोकमा देहधारी जीवले कहिल्यै पनि सुख वा आनन्द पाउँदैन भन्ने कुरा देखाउँदै आत्मा जब कुनै देहभित्र प्रवेश गर्छ वा देहधारी बन्छ तब उसले पूर्णानन्द मात्र होइन आनन्द पनि प्राप्त गर्न सक्दैन किनकि त्यो सांसारिक मायाको बन्धनमा फस्दछ भन्ने कुरा सङ्केत गरिएको छ । त्यसैगरी सांसारिक माया एक बन्धन भएकाले यसले आनन्द प्राप्तिमा बाधा पुऱ्याएको हुन्छ भन्ने कुरा देखाउँदै दु:खको मूल कारण माया हो र यो देहधारी प्राणीमा हुन्छ भन्ने कुरा यस श्लोकमा प्रस्तुत गरिएको छ । यसरी यस श्लोकमा पूर्णानन्दमा पुग्न आत्माका साथै जीवन र जगत्को रहस्य बुझ्नुपर्ने कुरा देखाइएको छ । आत्मा र परमात्माको सम्बन्ध घनिष्ट भएको र आत्माको परम रूप परमात्मा रहेको छ भन्ने कुरा देखाउँदै आत्मालाई अंश र परमात्मालाई अंशीको रूपमा यस श्लोकमा देखाइएको छ । कुनै पनि अंश अन्त्यमा गएर अंशीमा नै विलय भएको हुन्छ । जसरी जलको प्रत्येक विन्दु महासागरमा गएर विलय हुन्छ त्यसरी नै आत्मा पनि देहबाट मुक्त भई परमात्मामा लीन हुन्छ र त्यहाँ आत्मा सच्चिदानन्दस्वरूपको भई पूर्णानन्द प्राप्त गर्दछ भन्ने कुरा यस श्लोकमा प्रस्तुत गरिएको छ ।

आत्माको कुनै आकार हुँदैन र यो अमूर्त, अभौतिक, निर्गुण तथा अपरिमेय रहेको हुन्छ । आत्मा अदृश्य भए पनि प्रत्येक देहधारी जीवभित्र यसको वास रहेको छ । देहधारी जीवको मुटुको धड्कनदेखि शरीरका सारा क्रिया र प्रतिक्रियाहरूको सञ्चालन आत्माले नै गरेको हुन्छ । यो विभिन्न देहमा प्रवेश गरेर देहअनुसार पृथक्पृथक् नामले देखा परेको हुन्छ । देह जेजस्तो भए पनि आत्मा एउटै रहेको हुन्छ र यो जुन देहमा प्रवेश गर्छ ठिक त्यस्तै देखिन्छ । आत्मा जीवात्मा बन्दा यो विभिन्न रूपमा देखिन्छ । सारा चराचर जगत् आत्माबाट नै चलेको भए पनि आत्मा रूपहीन, रङ्गहीन तथा गन्धहीन हुनुका साथै स्वच्छ, पवित्र र निर्मल रहेको छ । त्यसैले यसलाई स्फटिकसँग तुलना गरिन्छ । स्फटिकको आफ्नो रङ्ग हुँदैन तर जुन वस्तु अगाडि राख्यो ठिक त्यस्तै रङ्गको देखिन्छ । त्यसरी नै आत्मा पनि देह वा उपाधिअनुसार फरकफरक रूपमा देखा पर्दछ भन्ने कुरा *रामगीता*मा यसरी प्रस्तुत गरिएको छ :

राताका सँगमा रहे स्फटिक ठीक् देखिन्छ रातै सरि ।
तेस्तै आत्म पनी उपाधिसँग भै हुन्छन् उपाधी सरि ॥
आत्मामा छ उपाधि केहि, न फटिक् मा क्वै छ रातो कतै ।
झुट्टै मात्र छ त्यो झलक् यहि विचार् खुप् राख्नु जत्तातते ॥ (पृ. ३१७) ।

माथिको श्लोकमा बहुमूल्य तथा पारदर्शी रत्न स्फटिक र आत्माको समान गुणको प्रसङ्ग उल्लेख गरिएको छ । स्फटिक निर्मल, स्वच्छ, कञ्चन तथा पारदर्शी हुन्छ तर यसको आफ्नो रङ्ग हुँदैन र जुन वस्तु अगाडि राखिन्छ; स्फटिक पनि ठिक त्यस्तै देखिन्छ । स्फटिक रातो रङको वस्तुसँग राख्दा रातो तथा हरियो रङ भएको वस्तुसँग राख्दा हरियो देखिन्छ तर त्यसको वास्तविक रङ हुदैन । त्यसैगरी यस श्लोकमा आत्माको कुनै निश्चित उपाधि हुदैन र जुन उपाधिको नजिक जान्छ, त्यसैअनुसार यसको उपाधि हुन्छ भन्ने कुरा देखाइएको छ । यसरी आत्मा कहिले मानवको रूपमा देखिन्छ भने कहिले बोटबिरूवाको त कहिले किराको रूपमा देखा पर्छ । त्यसैले आत्माको कुनै पनि आफ्नो निश्चित उपाधि हुँदैन र त्यो जुन उपाधिमा प्रवेश गर्छ ठिक त्यस्तै देखिन्छ । यस श्लोकमा विशेष गुणका आधारमा आत्मा र स्फटिकलाई तादात्म्यीकरण गरिएको छ । यहाँ स्फटिकमा रङ नभए जस्तै आत्माको निश्चित उपाधि हुदैन भनिएको छ । यस श्लोकमा आत्माको उपाधि एउटा झलक वा भ्रम मात्र भएको र यहीँ झलक गुमाउँदा अज्ञानका कारण मान्छे अत्यन्तै दु:खी बन्नु परेको कुरा उल्लेख गरिएको छ । त्यसैले आत्मा जहिले पनि उपाधिरहित हुन्छ र जीवात्माको रूप एउटा झलक मात्र भएकाले मान्छेले जीवन र जगत् बुझेर अघि बढ्नुपर्छ भन्ने कुरा यस श्लोकमा प्रस्तुत गरिएको छ ।

आत्मा सामान्य आँखाले देखिँदैन। यो निराकार, निर्गुण, रङ्गहीन, निर्मल तथा ब्रह्मस्वरूप हुन्छ। यसलाई देख्न बाहिरी जगत् हेर्ने आँखा चिम्लेर हृदयमा भएको ज्ञानको आँखा खोल्नुपर्छ र त्यसपछि मात्र आत्माको ज्योतिस्वरूपको सत्ता देखिन्छ। ज्ञानको आँखाबाट नै अलौकिक र अमूर्त रहस्यको उद्घाटन गरिन्छ। यसैगरी आत्मालाई चिन्नका लागि सांसारिक चहलपहलभन्दा टाढा प्रकृतिको समीपमा गई दश इन्द्रिय र मन जितेर एकान्त स्थलमा ध्यान गर्नुपर्छ। यसरी सांसारिक बन्धनबाट मुक्त भई एकान्त स्थलमा आँखा चिम्लेर ध्यान गर्दा आत्माको वास्तविक सत्ता देखा पर्छ र त्यसपछि मात्र ज्ञानको आँखा खुल्न गई जीवन सार्थक बन्छ भन्ने कुरा *रामगीता*मा यसरी देखाइएको छः

आत्मा यस् रितले चिह्निन्छ पहिले एकान्तमा गै बसोस्।
दश इन्द्रीय जितेर मन् पनि जिती आत्मै विचारमा परोस्॥
जानोस् जो छ जगत् प्रकाश् सकल यो हो आत्मसत्ता भनी।
येही तत्त्व बुझी त पूर्णरूपको होइन्छ आफू पनि॥ (पृ. ३१८)।

माथिको श्लोकमा आत्माको सत्तालाई बुझ्न मान्छेले दश इन्द्रिय र मनलाई जित्नुपर्ने कुरा उल्लेख गरिएको छ। यसलाई बुझ्नका लागि स्व र परको भावना हटाई सांसारिक बन्धनबाट मुक्त भई एकान्त स्थलमा गई ध्यान गर्नुपर्ने कुरा यसमा औल्याइएको छ। यसका लागि मान्छेले पाँचवटा ज्ञानेन्द्रियहरू आँखा, नाक, कान, जिब्रो र छाला तथा पाँचवटा कर्मेन्द्रियहरू वाक्, पाणि,पाद, पायु र उपस्थ गरी दश इन्द्रियहरू र मन जित्नुपर्ने कुरा यस श्लोकमा देखाइएको छ। यी दश इन्द्रिय र मनले आत्माको वास्तविक स्वरूप बुझ्न बाधा पुऱ्याउँछन्। यी दश इन्द्रिय र मन नै मान्छेका प्रमुख शत्रु रहेका छन्। चञ्चल मनले नै दश इन्द्रियलाई सञ्चालन गरेको हुन्छ। मनले आदेश दिएपछि आँखाले राम्रो कुरा हेर्न खोज्छ; नाकले मिठो वासना लिन खोज्छ; कानले असल कुरा सुन्न खोज्छ; जिब्रोले मिठो कुराको स्वाद लिन खोज्छ र छालाले नरम कुराको स्पर्श गर्न चाहन्छ तर जीवनमा यी कुराहरू असम्भव रहेका हुन्छन्। त्यस्तै कर्मेन्द्रियहरू पनि अन्धो हुन्छन् र यिनीहरू अनियन्त्रित हुँदा मान्छेहरू पाप कर्म पनि गर्न पुगेका हुन्छन्। त्यसैगरी मान्छेको मन पनि चञ्चल रहेको छ र यसलाई सामान्य मानिसहरूले स्थिर राख्न सकेका हुँदैनन्। दश इन्द्रिय र मन अनियन्त्रित हुँदा मान्छेले आत्माको वास्तविक रूप देख्न सकेको हुँदैन। तसर्थ आत्माको वास्तविक सत्ता भेट्टाउन एकान्त स्थानमा गएर आँखा चिम्ली दश इन्द्रिय र मन जितेर आत्माको चिन्तन गरी समाधि तहमा पुग्दा मात्र दिव्य,

प्रकाश्य तथा चैतन्यस्वरूप आत्माको सत्ता देखिन्छ र यसरी आत्माको सत्ता बुझ्दा मात्र मान्छे पूर्णरूपको हुन्छ वा उसको जीवन सार्थक बन्छ भन्ने कुरा यस श्लोकमा प्रस्तुत गरिएको छ ।

जीवन र जगत् रहस्यमय रहेको छ । वेदान्तदर्शनअनुसार दृश्य जगत् एउटा भ्रम हो र यो नाशवान् छ । पञ्चमहाभूतबाट बनेका सम्पूर्ण भौतिक वस्तुहरू क्षणभङ्गुर रहेका हुन्छन् । मानव शरीर पनि पञ्चमहाभूतबाट बनेको छ र यो नाशवान् रहेको छ । तसर्थ यसको मृत्यु वा अन्त्य निश्चित छ तर आत्मा एक मात्र यस्तो सत्य हो जसको न आदि हुन्छ न अन्त्य हुन्छ । यसैगरी यो अजर र अमर मात्र होइन निर्मल, पवित्र र प्रकाशमय रहेको छ । अज्ञानका कारण मान्छेले दृश्य जगत्लाई सत्य ठान्छ तर उसले डोरीलाई सर्प मानेर तर्सिनु र जगत् सत्य छ भन्नु एउटै कुरा हुन् भन्ने कुरा *रामगीता*मा देखाइएको छ । यदि आत्मा र परमात्माको ज्ञान जानिएन भने सांसारिक बन्धनबाट छुटकारा पाउन सगुण ब्रह्म वा ईश्वरको चरणमा परेर सेवा गर्दा सबै कुरा जानिन्छ भन्ने कुरा *रामगीता*मा यसरी प्रस्तुत गरिएको छ :

आत्मा मात्र छ सत्य यो सब जगत् झुट्टै छ झूटो पनि ।
डोरी सर्प बुझ्या सरी अबुझमा देखिन्छ साँचो भनी ।।
जान्नू जानिइएन पो यदि भन्या मेरो चरणमा परी ।
सेवा गर्नु र जान्दछन् नतर ता टर्दैन कस्तै गरी ।। (पृ. ३१८) ।

माथिको श्लोकमा आत्मालाई सत्य र जगत् झुटो मानिएको छ । यसअनुसार जो सधैँ एउटै रूपमा रहन्छ; जो स्थिर छ; जो अजर र अमर छ; जो अपरिवर्तनशील छ; त्यहीँ सत्य हो । आत्मामा यी गुणहरू विद्यमान् भएकाले आत्मालाई अन्तिम सत्यको रूपमा यस श्लोकमा स्वीकार गरिएको छ । त्यसैगरी यस श्लोकमा देखिने सारा जगत् एउटा भ्रम मात्र हो भनिएको छ । जगत् पञ्चमहाभूतबाट बनेको छ । पञ्चमहाभूतहरू पृथ्वी, जल, तेज, वायु र आकाश अनित्य रहेका छन् । त्यसैले जगत् पनि अनित्य रहेको छ । यो क्षणभङ्गुर रहेको छ र एकदिन नासिएर जान्छ । त्यसैगरी आत्माले धारण गरेको शरीर पनि नाशवान् छ किनकि यो पनि पञ्चमहाभूतबाट नै बनेको छ तर आत्मा पञ्चमहाभूतभन्दा अलग भएकाले कहिल्यै पनि मर्दैन । त्यसैले आत्मालाई सत्य र जगत्लाई झुटो मानिन्छ । त्यसैगरी यस श्लोकमा डोरीलाई भ्रममा परेर सर्प मान्नु र जगत्लाई सत्य मान्नु एउटै हो भन्ने कुरा सङ्केत गरिएको छ । वास्तवमा अज्ञानको कारण मान्छे भ्रममा परेको हुन्छ । अज्ञानको कारण मान्छेले जगत्लाई नै सत्य ठानेको हुन्छ तर यो एउटा भ्रमको रूपमा मात्र रहेको छ । यसैगरी यस श्लोकमा आत्मा र जगत् कुन सत्य छ भनी छुट्याउन सकिएन भने भगवान्को चरणमा

परेर सेवा गर्दा आत्मा र जगत्को वास्तविक ज्ञान पाउन सकिने कुरा उल्लेख गरिएको छ । तसर्थ यस श्लोकमा लौकिक जगत्का कुराहरू भ्रम वा झुटो भएको र अपरिमेय आत्मालाई मात्र अन्तिम सत्यको रूपमा स्वीकार गरिएको छ । यसका साथै आत्माको वास्तविक ज्ञानका लागि भगवान्को चरणमा परी सेवा गर्नुपर्ने र यसबाट अज्ञान नष्ट हुन गई आत्मबोध हुने कुरा पनि यस श्लोकमा उल्लेख गरिएको छ ।

## निष्कर्ष

आदिकवि भानुभक्त आचार्यद्वारा रचित *रामगीता* दार्शनिक काव्य हो । यस काव्यमा आचार्यले पूर्वीय वैदिक षड्दर्शनअन्तर्गतका साङ्ख्य, योग, न्याय, मीमांसा तथा वेदान्तदर्शनका मान्यताहरू समावेश गरेका छन् । यसमा पूर्वीय दर्शनका प्राय: सबै दर्शनहरूको सार देखिए पनि मूलरूपमा वेदान्तदर्शनको आत्मचिन्तनको प्रयोग बढी भएको पाइन्छ । आत्मा यस्तो तत्त्व हो जसलाई मापन गर्न, सीमाङ्कन गर्न तथा परिभाषित गर्न सकिँदैन । आत्मा अविनाशी र सर्वव्यापक हुनुका साथै यो मन, बुद्धि र इन्द्रियभन्दा पर रहेको हुन्छ । यसलाई न हतियारले टुक्रा पार्न सकिन्छ न त आगोले जलाउन सकिन्छ । त्यसैगरी यसलाई पानीले भिजाउन र हावाले सोस्न पनि सक्दैन । त्यसरी नै आत्मा सुखदु:खबाट विचलित भएको हुँदैन । त्यसैगरी आत्मालाई न मार्न सकिन्छ न रोक्न सकिन्छ । आत्माको परम रूप परमात्मा भएको र त्यहीँ परमात्मा नै ब्रह्मको रूपमा रहेको छ । वैदिक साहित्य तथा ब्राह्मण साहित्यमा आत्मा र ब्रह्मलाई पृथक रूपमा प्रयोग गरिए पनि उपनिषद्मा यी दुवैलाई एउटै रूपमा प्रयोग गरिएको पाइन्छ । शुद्ध आत्मा चैतन्यस्वरूपको रूपमा रहेको छ र त्यो समस्त ज्ञान तथा अनुभवको अधिष्ठान हो । यो स्वत: सिद्ध तथा स्वप्रकाशमय रहेको छ । यहीँ चैतन्य तथा स्वप्रकाश्य आत्माको स्वरूपलाई आदिकवि भानुभक्त आचार्यले *रामगीता*मा प्रस्तुत गरेका छन् । आत्मालाई चिन्नका लागि गुरु समीपमा गई वेदका ज्ञानहरू सिक्नुपर्छ र आप्तवचनका रूपमा आत्मासम्बन्धी ज्ञान सिक्दा मोक्ष प्राप्त हुन्छ भन्ने धारणा कविको रहेको छ । यसैगरी आत्मा शरीर, इन्द्रिय र मनरूपको आवरणले छोपिँदा जीवको रूप लिने र त्यसले सुखदु:ख अनुभव गरेको भ्रम पर्ने तर आत्मा सुखदु:खभन्दा माथि हुन्छ भन्ने कुरा औल्याउँदै कविले पूर्णानन्द वा सच्चिदानन्दस्वरूपका लागि आत्माले सांसारिक बन्धनबाट मुक्त हुनुपर्ने कुरा *रामगीता*मा देखाएका छन् । यसरी नै अज्ञानको नाश गर्न ओंकार ध्वनिको वाचन गर्नुपर्ने र ओंकार वाचनले आत्मालाई परमात्मासम्म पुऱ्याउने कुरा उल्लेख गर्दै आत्माको सत्तालाई ज्ञानको आँखाले मात्र देख्न सकिने र यसका लागि दश इन्द्रिय र मन जित्नुपर्ने कुरा यस काव्यमा उल्लेख गरिएको छ । यसरी यस काव्यमा कविले जगत् झुटो छ र आत्मा मात्र सत्य छ भन्ने कुरा देखाई आत्मासम्बन्धी गहिरो जीवनदृष्टि प्रस्तुत गरेकाले *रामगीता* काव्य आत्मचिन्तनका दृष्टिले उच्चकोटिको देखिन्छ ।

## सन्दर्भ सामग्री

आचार्य, भानुभक्त (२०५८), *आठकाण्ड रामायण*, दुर्गा साहित्य भण्डार ।

आचार्य, विष्णुप्रसाद (२०५८), *श्रीमद्भगवद् गीता*, ओम अफसेट प्रिन्टर्स ।

उपाध्याय, केशवप्रसाद (२०३६), *पूर्वीय साहित्यसिद्धान्त*, साझा प्रकाशन ।

खनाल, पेशल (२०७४), *शैक्षिक अनुसन्धान पद्धति*, सनलाइट पब्लिकेसन ।

खप्तडबाबा (२०७८), *विचार विज्ञान*, खप्तड आश्रम प्रकाशन समिति ।

गड्तौला, नारायण (२०७९), *वैदिक वाङ्मयको स्वरूप*, राजेन्द्र सुवेदी र लक्ष्मणप्रसाद गौतम(सम्पा.) *रत्न बृहत् नेपाली समालोचना* (सिद्धान्त र सिद्धान्तनिष्ठ प्रायोगिक खण्ड), रत्न पुस्तक भण्डार, पृ.१०० ।

गिरी, अमर, पौडेल, हेमनाथ र गौतम, लक्ष्मण (२०७२), *प्रज्ञा समकालीन नेपाली कविताविमर्श*, नेपाल प्रज्ञा-प्रतिष्ठान ।

गौतम, लक्ष्मणप्रसाद (२०७८), *वैदिक षड्दर्शनका प्रमुख मान्यता,*नेपाल अध्ययन जर्नल ।

पौडेल, विष्णुप्रसाद (२०५७), *संस्कृत काव्यशास्त्र*, भुँडी प्रकाशन ।

भट्टराई, घटराज (२०४०), *प्रतिभैप्रतिभा र नेपाली साहित्य*, नेसनल रिसर्च एसोसिएट्स ।

भण्डारी, पारसमणि (२०७४), *प्राज्ञिक लेखन तथा सम्पादन*, विद्यार्थी पुस्तक भण्डार ।

भुसाल, बेदुराम (२०७७), *वैदिक समाज र दर्शन*, नेपाल प्रज्ञा-प्रतिष्ठान ।

लुइँटेल, खगेन्द्रप्रसाद (२०६७), *नेपाली काव्य समालोचना*, पैरवी प्रकाशन ।

शर्मा, यादवप्रसाद (२०७५),*पौरत्स्य दर्शन र नेपाली साहित्य*, एस. टुप्रिन्टर्स ।

श्रेष्ठ, ईश्वरकुमार (२०६२), *पूर्वीय एवम् पाश्चात्य साहित्य समालोचनाः प्रमुख मान्यता, वाद र प्रणाली*, साझा प्रकाशन ।